SANIMA RELIANCE LIFE INSURANCE
खुलेर जिऔं

# सवारी साधनको लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०६/११**

यस कम्पनीको स्वामित्वमा रहेको तपसिल बमोजिमको सवारी साधन जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत विक्री गरिने भएकोले यो सूचना प्रकाशित मितिले १५ दिन भित्रमा इच्छुक व्यक्ति वा संस्थाहरुबाट कम्पनीले उपलब्ध गराएको बोलपत्र फारममा माग भए अनुसारको आवश्यक विवरण भरी यो सूचना प्रथम पटक प्रकाशित मितिले **१५औं** दिन सम्ममा कार्यालय समयभित्र सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको केन्द्रिय कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौंमा सिलबन्दी बोलपत्र पेश गर्न सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

**तपसिल**

| क्र.सं | सवारीको किसिम | सवारी रहेको स्थान | बनेको साल | सवारी दर्ता नं |
|---|---|---|---|---|
| १ | जिप/ Scorpio S5 4WD | काठमाण्डौं | २०१७ | बा. १८ च.९३८० |

**बोलपत्रका शर्तहरु :**

१. बोलपत्र दस्तुर वापतको रकम रु.१,०००/- (अक्षरेपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस कम्पनीको नेपाल एस.बि.आई. बैंकको भैंसेपाटी शाखाको खाता नं २३२२५२४०२००१३९ मा जम्मा गरी सो को भौचर वा अनलाइन मार्फत रकम ट्रान्सफर गरेको प्रमाण आवेदन साथ संलग्न गर्नुपर्नेछ ।
२. बोलपत्र मार्फत विक्रि गरिने सवारी साधनको न्यूनतम मूल्य रु.२८,००,०००/- (अक्षरेपी अठ्ठाईस लाख रुपैयाँ मात्र) तोकिएको छ ।
३. प्राप्त बोलपत्र मध्ये न्यूनतम मूल्य रु.२८,००,०००/- (अक्षरेपी अठ्ठाईस लाख रुपैयाँ मात्र) भन्दा बढी रकम अंकित बोलपत्र मध्ये सबैभन्दा बढी रकम अंकित गर्ने बोलपत्रदातालाई सवारी साधन हस्तान्तरण गरिनेछ ।
४. कम्पनीबाट खरिद गरेको बोलपत्र फारममा सकार गर्न चाहेको सवारी साधनको विवरण, आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी शिलबन्दी गरी दाखिल गर्नु पर्नेछ । फोटोकपी गरी पेश गरेको बोलपत्र मान्य हुनै छैन ।
५. बोलपत्र दाखिला गर्दा आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम यस कम्पनीमा जम्मा गरेको भौचर वा कम्पनीलाई मान्य हुने कुनै बैंकको जमानत पत्रको सक्कल प्रति पेश गर्नु पर्नेछ ।
६. बोलपत्र सकार गरी लिँदा लाग्ने सम्पूर्ण दै-दस्तुर, कर शुल्क बोलपत्रवालाले आफै व्यहोर्नुपर्नेछ ।
७. बोलपत्रवालाले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको सम्पूर्ण रकम बुझाई सवारी साधन आफ्नो नाममा नामसारी गरी सक्नुपर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम जफत गरिनेछ ।
८. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्र स्वीकृत/अस्वीकृत बारे कम्पनीबाट टुङ्गो नलागे सम्म बोलपत्र दाताले आफूले कबोल गरेको रकम इन्कार गर्न पाउने छैन । इन्कार गरेमा धरौटी रकम स्वतः जफत हुनेछ ।
९. अस्वीकृत बोलपत्रको धरौटी रकम बोलपत्र अस्वीकृत भएपछि फिर्ता गरिनेछ ।
१०. प्राप्त हुन आएका बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको १६औं दिनको १२:३० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा कम्पनीको प्रधान कार्यालयमा खोलिनेछ । तर, प्रतिनिधिहरु अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
११. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खोलेको दिनमा प्राप्त बोलपत्रहरु खोलिनेछ ।
१२. बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने अधिकार यस कम्पनीमा सुरक्षित हुनेछ ।
१३. रित नपुगेका र समय भित्र दाखिला नभएका बोलपत्रहरु स्वतः रद्द हुनेछन् ।

**नोटः** बोलपत्र फारम कम्पनीको वेभसाइट वा यस कम्पनीको नयाँ बानेश्वर स्थित प्रधान कार्यालयको प्रशासन विभागबाट प्राप्त गर्न सकिनेछ ।

**सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड**
**नयाँ बानेश्वर, काठमाण्डौं, फोन नं. ०१-४७९७१२४/४७९७२२५**
info@sanimareliancelife.com, www.sanimareliancelife.com